कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्याः ३५, २०७९-२०८४
मिति २०८०/०८/२६ को
निर्णय प्रमाणित ............

# कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ३५, २०७९-२०८४)

**मिति : २०८० मंसिर २६ गते**

निर्णयहरुः

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. सातौ नगर स्तरीय मेयर कप तथा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता सञ्चालन सम्बन्धमा मिति २०८०/०८/२२ को बैठकको निर्णय अनुमोदन गर्ने । सातौ नगर स्तरीय मेयर कप खेलकुद तथा राष्ट्रपति रनिङ् शिल्ड प्रतियोगिता आगामी पौष १० देखि ऐ. १३ गतेसम्म सञ्चालन गर्ने र उक्त अवधिभर कोहलपुर नगरपालिका मातहतका सबै विद्यालयमा सार्वजनिक बिदा दिने ।

३. कोहलपुर नगर विपद व्यवस्थापन समितिको मिति २०८० मंसिर २६ गतेको निर्णय अनुमोदन गर्ने । कोहलपुर नगरपालिका वडा नं. ३ मदनचोकमा मिति २०८० मंसिर १३ गते राती भएको आगलागीबाट भएको क्षतिको राहत स्वरुप घरधनी तारा कुमारी गिरी लाई रु. २ लाख उपलब्ध गराउने र उक्त घरमा व्यवसाय गर्ने व्यवसायीहरुले नियमानुसार यस कार्यालयमा व्यवसाय दर्ता गराएको नपाईएकोले निजहरुको हकमा विपद व्यवस्थापन समितिको कार्यविधिमा उल्लेख भए बमोजिमको रकम राहत उपलब्ध गराउने । अब उप्रान्त यस प्रकारका घटनामा नगरपालिकामा व्यवसाय दर्ता नगर्ने व्यवसायीहरुलाई राहत उपलब्ध गराउन नगरपालिका बाध्य नहुने ।

४. आर्थिक विकास समितिको मिति २०८०/०८/२२ को निर्णय अनुमोदन गर्ने । सङ्घीय सरकार शसर्त अनुदान अन्तर्गत किसान सूचिकरण तथा कृषि, पशु तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रममा बिनियोजन भएको रकमबाट तोकिए बमोजिमको कार्य गर्ने प्रयोजनका लागि गत आर्थिक वर्ष २०७९/०८० का लागि छनौट गरिएका गणकहरुलाई नै साबिक बमोजिम कामकाजमा लगाउन आर्थिक विकास समितिबाट सिफारिश भई आएकोले सोही बमोजिम निजहरुसँग नियमानुसार सम्झौता गरी चालु आ.व. २०८०/०८१ मा समेत कामकाजमा लगाउने ।

५. कोहलपुर नगरपालिकाको नगरसभाको चौधौं अधिवेशन आगामी पौष २५ गते दिनको १:०० बजेदेखि सञ्चालन गर्ने एवं नगरसभाका लागि सबै शाखा/उपशाखा/वडा कार्यालयहरुले आवश्यक तयारी गर्ने ।

धौलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ३५, २०७९-२०८४
मिति २०८०/०८/२६ को
निर्णय प्रमाणित ................

६. श्री राम जानकी मन्दिर, कोहलपुर १२ ले राम जानकी विवाह पञ्चमी कार्यक्रमका लागी प्रस्तावना पेश गरी आर्थिक सहयोग माग गरेकोमा उक्त संस्थालाई कार्यक्रम सञ्चालनका लागि आ.ब. २०८०/०८१ को नीति, तथा कार्यक्रमको पुस्तिकाको सि.नं. ५९४, धर्म तथा कला संस्कृति प्रबर्धन तथा सहयोग कार्यक्रम खर्च शीर्षकबाट रु.२ लाख आर्थिक सहायता उपलब्ध गराउने ।

७. यस नगरपालिकामा 'घ' वर्ग निर्माण व्यवसाय ईजाजत पत्र पाउँ भनी निवेदन पेश गरी प्रक्रिया पुरा गरेका अर्जुन कन्ट्रक्सन, कोहलपुर ११ लाई 'घ' वर्गको ईजाजत पत्र प्रदान गर्ने ।

८. वडा नं. ११ गोलपार्क स्थित भ्यु टावरमा जडान भएको बिद्युतको विद्युत महशुल रु.२०,६५५।- भुक्तानी गर्ने।

९. कोहलपुर नगरपालिकाको व्यवसाय दर्ता कार्यविधि, २०७६ मा संशोधन गर्ने ।

१०. यस नगरपालिका अन्तर्गतका देहाय बमोजिमका योजनाहरुको भैपरी आउने पुँजिगत शीर्षकबाट भुक्तानी दिने गरी कार्यन्वयन गर्ने ।

क) जनज्ञान ज्योति मा.बि. रंगरोगन - रु.१ लाख
ख) शिव मन्दिर मर्मत सम्भार, कोहलपुर न.पा. १३ - रु.३ लाख
ग) सृजना दुध डेरीदेखि नगर विकास समिति गेटसम्म अधुरो नाली निर्माण - रु.२ लाख ३४ हजार
घ) रेडियो प्रतिबोध एफ.एम. को व्याट्री खरिदका लागि नपुग रकम रु १ लाख रुपैयाँ

११. कोहलपुर नगरपालिका अन्तर्गत भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीको लगत संकलन, नापजाँच, समेतका कार्यमा खर्च माग भई ८ नं. वडाको वडास्तरीय निर्णय समेत संलग्न राखी भुक्तानीका लागि लेखी आएकोले अधिकारसम्पन्न भूमि व्यवस्थापन समितिको सिफारिस बमोजिम भूमि आयोगको कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्च शीर्षकमा विनियोजित रकमबाट खर्च हुने गरी ८ नं. वडाको खाना तथा नास्ता खाए वापतको रु.६१,५००।- भुक्तानी दिने ।

१२. यस नगरपालिकामा कार्यरत सवारी चालक श्री दिनेश बहादुर डाँगीसँग कार्यालयले हलुका सवारी चालकको रुपमा कामकाज गराउने गरी करार सम्झौता गरेको भएता पनि हाल निजले भारी सवारी साधन चलाईरहेको साथै चालु अवस्थामा हलुका सवारी चालकको पद रिक्त नभएको अवस्था र भारी सवारी चालकको आवश्यकता समेतको विश्लेषण गरी निजलाई २०८० पौष १ गतेदेखि भारी सवारी चालकको पारिश्रमिक उपलब्ध गराउने गरी करार सम्झौता गर्ने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ३५, २०७९-२०८४
मिति २०८०/०८/२६ को
निर्णय प्रमाणित ................

१३. भारतीय सरकारको वित्तीय सहयोगमा सञ्चालन हुने साना विकास परियोजना(Small Development Project-SDP) अन्तर्गत कार्यान्वयन हुने परियोजनाको निर्माणमा साझेदारी सहितको निर्णय प्रस्ताव गरी पेश गर्ने भन्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको च.नं ६८ मिति २०८०/०५/०६ गतेको पत्रबमोजिम कोहलपुर नगरपालिकाको तर्फबाट गर्नुपर्ने २० प्रतिशत लागत साझेदारी बापतको रकम समपुरक कोषबाट व्यहोर्ने गरी यस नगरपालिका अन्तर्गतको राम माध्यमिक विद्यालयको भवन निर्माण गर्ने गरी आवश्यक सहयोग गर्न सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय दुतावासमा अनुरोध गर्ने ।

१४. यस आ.ब. २०८०/०८१ को वडातर्फको सिलिङ्बाट छनौट गरिएका देहायका योजनाहरुको संशोधनका लागि वडा समितिबाट निर्णय भै आएकोले आगामी नगरसभाबाट अनुमोदन हुन गरी स्वीकृत गर्ने ।

**वडा नं. १२ (वडा समितिबाट मिति २०८०/०५/२९ मा निर्णय भएको)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | राम चन्द्र काफ्लेको घरदेखि युवराज पौडेलको घर सम्म नाली निर्माण क्रमागत (सि.नं. ३९०) | राम चन्द्र काफ्लेको घरदेखि युवराज पौडेलको घरसम्म PCC सडक निर्माण | ३,००,००० | |
| २ | निबुवा रोडमा सुमित्रा खड्काको घर हुँदै लिलाधर वाग्लेको घरसम्म रिंगरोड जोड्ने नाली निर्माण क्रमागत (सि.नं. ३८५) | निबुवा रोडमा सुमित्रा खड्काको घर हुँदै लिलाधर वाग्लेको घरसम्म रिंगरोड जोड्ने बाटोमा वाल उठाएर माटो पटान र ग्राभेल | ३,००,००० | |

**वडा नं. १ (वडा समितिको विभिन्न मितिको निर्णय बमोजिम)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | विविध खर्च रु.५००,००० (सि.नं. १८५) | वडाको विविध स्थानको बाटो ग्राभेल र मर्मत | १,७०,००० | २०८०/०५/१३ |
| | | तिज विशेष कार्यक्रम | ४०,००० | २०८०/०५/३१ |
| | | वडा कार्यालयको बाटो तथा ट्रष्ट निर्माण | २,००,००० | २०८०/०८/०५ |
| | | कार्यालय सामाग्री खरिद | ८०,००० | २०८०/०८/२२ |
| २ | अभिभावक शिक्षा कार्यक्रम रु.४,००,००० (सि.नं. १७६) | मयुर सामुदायिक वन.उ.स. को बाटो ग्राभेल | १,००,००० | २०८०/०८/०५ |
| ३ | विपद व्यवस्थापन रु.३,००,००० (सि.नं. १८४) | समरसिबल धारा मर्मत तथा सार्बजनिक शौचालय निर्माण | २,००,००० | २०८०/०८/२२ |



धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ३५, २०७९-२०८४
मिति २०८०/०८/२६ को
निर्णय प्रमाणित ..................

**वडा नं. १३(वडा समितिको मिति २०८०/०८/०५ को निर्णय)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | वडाको विविध तर्फ (सि.नं. ३९९) | विविध | ३,५१,००० | |
| | | सेवा तथा परामर्श खर्च | २,००,००० | |

**वडा नं. २(वडा समितिको २०८०/०८/२५ को निर्णय)**

| सि.नं. | साविक योजना/ कार्यक्रमको नाम | संशोधित योजनाको नाम | रकम रु. | कैफियत |
|---|---|---|---|---|
| १ | टोल विकास समितिहरुसँग साझेदारी कार्यक्रम रु.४,००,०००।-(सि.नं. १९६) ग्याविन वाल निर्माण विनोद थारुको बाजेको घरको किरण नालामा रु.५,००,००००।–(सि.नं. २००) | रत्न राजमार्गदेखि दक्षिण शहिद चोक हुँदै कोहलपुर न.पा. वडा नं. २ को सिमानासम्म बाटो कालोपत्रे | ९,००,००० | |

१५. यस नगरपालिकामा गत आ.ब. र चालु आ.ब. मा अनिवार्य अवकाश भई एवं राजिनामा स्वीकृत भई सहायक पाँचौ, प्रशासन सेवा, सामान्य प्रशासन समुह तर्फको ३(तीन) दरबन्दी रिक्त देखिएकाले प्रदेश लोकसेवा आयोग, लुम्बिनी प्रदेश, बुटवलमा पदपूर्तिका लागि रितपूर्वकको माग आकृति फाराम भरी पठाउने ।

धोलकराज ढकाल
प्रमुख प्रशासकीय अधिकृत